धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
## National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २४ • २०८३ साउन २४ गते आइतबार, Sunday, August 9, 2026 • ने सं ११४६ • धादिङ • Pratyus National Daily • पृष्ठ ४ • मूल्य रु. ५/-

## ग्यासको कालोबजारी गर्ने पक्राउ

काठमाडौं । खाना पकाउने एलपी ग्यासको कालोबजारी गरेको आरोपमा भक्तपुरमा एक जना पक्राउ परेका छन् ।

उपभोक्तालाई प्रतिसिलिण्डर रु सात हजारका दरले ग्यास बिक्री गरेको भन्ने सूचनाका आधारमा भक्तपुरको चाँगुनारायण नगरपालिका-२ दुवाकोटका ५७ वर्षीय तुलसीराम त्वयनालाई शनिबार प्रहरीले पक्राउ गरेको हो ।

निजले सञ्चालन गरेको किराना पसलबाट तीन थान सिलिण्डर नियन्त्रण मा लिइएको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक दिपक कुमार कार्कीले जानकारी दिनुभयो ।

## सुर्खेत प्रहरीद्वारा तीन थान भरुवा बन्दुक बरामद

कर्णाली । बराहताल गाउँपालिका ८ सुर्खेत हर्केस्थित शान्ति सामुदायिक वनबाट सुर्खेत प्रहरीले तीन थान भरुवा बन्दुक बरामद गरेको छ ।

प्रहरी चौकी बड्डीचौर सुर्खेतबाट प्रहरी सहायक निरीक्षक लोकेन्द्र परियारको नेतृत्वमा खटिएको पाँच सदस्यीय टोलीले शनिबार सामुदायिक वनमा गस्ती गर्ने क्रममा सुकेको सालको रुखको टोड्कामा लुकाइछिपाई राखेको अवस्थामा दुई थान भरुवा बन्दुक फेला पारेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहोराले जानकारी दिनुभयो । उहाँका अनुसार घटनाबारे थप अनुसन्धान तथा मुचुल्काका लागि इलाका प्रहरी कार्यालय बाबियाचौरबाट प्रहरी निरीक्षक भूपेन्द्र शाहीको नेतृत्वमा पाँच सदस्यीय टोली घटनास्थलतर्फ खटिएको थियो । उक्त टोलीले घटनास्थलमा पुगेर अनुसन्धान गर्ने क्रममा सोही रुखको टोड्कामा लुकाइराखिएको थप एक थान भरुवा बन्दुक फेला पारेको उहाँले बताउनुभयो । सो स्थानबाट तीन थान भरुवा बन्दुक बरामद भएको र बरामद बन्दुकबारे अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । घटनास्थल प्रहरी चौकी बड्डीचौरबाट करिब १२ किलोमिटर पूर्व र इलाका प्रहरी कार्यालय बाबियाचौरबाट करिब ३२ किलोमिटर पूर्वमा पर्छ ।

## कांग्रेसले परिपक्व भूमिका निर्वाह गर्छ : निधी

जनकपुरधाम । नेपाली कांग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले वर्तमान राजनीतिक परिस्थितिमा कांग्रेसले जिम्मेवार र परिपक्व भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ ।

कांग्रेस धनुषाद्वारा शनिबार जनकपुर धाममा आयोजित अन्तरक्रियामा उहाँले लोकतान्त्रिक मूल्यमान्यता र संविधान रक्षा तथा जनताको अधिकारको पक्षमा पार्टीका नेतृत्व जिम्मेवार र परिपक्व भूमिकामा उभिनुपर्ने बताउनुभयो ।

पार्टीलाई थप सुदृढ र एकताबद्ध बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिँदै नेता निधिले पार्टीका नेता कार्यकर्ताबीचको एकता र सङ्गठनको सक्रियतामा निर्भर रहने भएकाले सबै मिलेर सङ्गठनलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

पार्टीभित्रको एकता, सङ्गठन सुदृढीकरण र जनतासँगको सम्बन्धलाई केन्द्रविन्दुमा राखेर अघि बढ्नुपर्ने बताउँदै उहाँले जनताको समस्या र अपेक्षालाई नजिकबाट बुझेर त्यसअनुरूप राजनीतिक गतिविधि अघि बढाउनुपर्ने सुझाब दिनुभयो । कार्यक्रममा नेपाली कांग्रेस धनुषाका नेता तथा कार्यकर्ताहरूले पार्टीभित्रको किचलो चाँडो समाधान गरेर एकढिक्का भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

## महाधिवेशन तोकिएकै समयमा हुन्छ : पौडेल



काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टीको १५औं महाधिवेशन तोकिएकै समयमा हुने बताउनुभएको छ । कांग्रेस काठमाडौं महानगरपालिका २६ वडा कार्यसमितिले शनिबार आयोजना गरेको सम्मान तथा शुभकामनामा उहाँले पार्टीले असोजको १६ देखि १९ गतेसम्म काठमाडौंमा १५औं महाधिवेशन आयोजना गरेकाले तोकिएकै समयमा महाधिवेशन हुने बताउनुभयो ।

"कांग्रेसले पार्टीको केन्द्रीय कार्यसमितिको बैठक बोलाएको छ, उक्त बैठकले तोकिएकै समयमा महाधिवेशन सम्पन्न गर्नेबारे निर्णय गर्छ", उहाँले भन्नुभयो । उहाँले पछिल्लो समय कांग्रेसलाई कमजोर बनाउने र अल्मल्याउने काम भइरहेको भन्दै यसप्रति सबै नेता तथा कार्यकर्ता सचेत हुनुपर्ने बताउनुभयो । महामन्त्री पौडेलले कांग्रेस डिजिटल माध्यममार्फत सबैभन्दा धेरै क्रियाशील सदस्य भएको पार्टी बनेको भन्दै अब क्रियाशील सदस्यबाटै स्थानीय तहको उम्मेवार छान्ने व्यवस्था गरिने उल्लेख गर्नुभयो । कांग्रेस काठमाडौंका सभापति सबुज कृष्ण बानियाँले कांग्रेस कमजोर भएमा लोकतन्त्र कमजोर हुने भन्दै बलियो बनाउनका लागि एकताबद्ध भएर अगाडि बढ्नुपर्ने बताउनुभयो । कांग्रेस बागमती प्रदेशकी सहमहामन्त्री जीवन डङ्गोल, कांग्रेस क्षेत्र नं ६ का क्षेत्रीय सभापति श्यामकृष्ण खड्गी, बागमती प्रदेशकी सांसद एवं पूर्वप्रदेशमन्त्री हरिप्रभा खड्गी, क्षेत्र नं ६ प्रदेश 'क' का सभापति ख्यामराज तिवारी, काठमाडौं महानगरपालिका-२६ का सभापति अर्जुन सिंखडा, उपसभापति गणेश रिजाललगायतले कांग्रेसलाई एकताबद्ध बनाएर अगाडि बढाउन सबै लाग्नुपर्ने बताउनुभएको थियो ।

## नवप्रर्वतन र आविस्कारलाई प्राथमिकता दिइएको छ : मन्त्री पुन

*प्रत्यूष समाचारदाता*

म्याग्दी । विज्ञान, प्रविधि तथा नवप्रर्वतनमन्त्री महाविर पुनले नेपालको समृद्धिका लागि सरकारले अनुसन्धान, नवप्रर्वतन र आविस्वकारलाई सरकारले प्राथमिकता दिएको बताउनुभएको छ ।

धवलागिरि गाउँपालिका समाजले शनिबार काठमाडौंमा आयोजना गरेको समृद्ध म्याग्दीमा जनप्रतिनिधिहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा मन्त्री पुनले नेपालमा आवश्यक औजार, उपकरण, सामग्री र वस्तुको उत्पादन गरी रोजगारी सिर्जना तथा आयात घटाउन अनुसन्धानमा जोड दिइएको बताउनुभयो । "ओफ्रेलमा परेको अनुसन्धान र आविस्कारको क्षेत्रमा वर्तमान सरकारले प्राथमिकता दिएको छ", म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका उहाँले भन्नुभयो, "देशका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने र दक्ष जनशक्तिलाई अवसरका लागि पलायन हुन नदिने गरी मन्त्रालयले कार्यक्रम बनाएको छ ।"मन्त्री पुनका साथै धवलागिरि, मालिका र अन्नपूर्ण गाउँपालिकाका जनप्रतिनिधि र काठमाडौंमा बसोबास गर्ने म्याग्दीवासीहरूबीच म्याग्दीलाई कसरी समृद्ध बनाउन सकिन्छ भन्ने विषयमा छलफल भएको थियो । कृषिको आधुनिकीकरण, जलविद्युत्, पर्यटन, पशुपालनको माध्यमबाट म्याग्दीलाई समृद्ध बनाउन सकिने उहाँको भनाइ थियो ।

म्याग्दीमा प्रमुख सामाजिक समस्याको रुपमा रहेको मेलाजात्रालाई व्यवस्थित नगरेसम्म शिक्षा क्षेत्रको सुधार हुन् नसक्ने मन्त्री पुनले बताउनुभयो । "टोलटोलमा लगातार मेलाजात्रा लगाउँदा किशोरकिशोरीहरूको पढाइ नराम्ररी बिग्रेको छ", उहाँले भन्नुभयो, "नामका लागि विदेशबाट मेलाका लागि लाखौं रकम प्रायोजन गर्ने र गाउँमा हप्तौं मेला लगाउने चलन हटाउन सकेमा म्याग्दीको शिक्षा र समाजको सुधार हुन्छ ।" सङ्घीय सरकारले यसवर्ष धवलागिरी गाउँपालिकाको मुदीदेखि गुर्जा हुँदै ढोरपाटनको जलजला र अन्नपूर्ण गाउँपालिकाको दोवादेखि सोवाङ धुरी हुँदै रघुगङ्गा गाउँपालिकाको चिमखोला जोड्ने दुई वटा नयाँ पदमार्ग सञ्चालनमा ल्याउने बताउनुभयो । बेनी-दरबाङ सडकको फापरखेत र बेनी-जोमसोम सडकको सिरुवारी पहिरो नियन्त्रणको काम वर्षा सकिने बित्तिकै सुरु हुने मन्त्री पुनले जानकारी गराउनुभयो । सङ्घीय सरकारले म्याग्दीमा रणनीतिक महत्वका सडक आयोजनालाई प्राथमिकता दिने बताउनुभयो ।

पाकिस्तानको ब्रड पिक आरोहण का क्रममा दिवङ्गत भएका म्याग्दीमा जन्मिएका पर्वतारोही निर्मल पुर्जासहितका पर्वतारोहीहरूको सम्मानमा सरकारले उचित निर्णय लिने मन्त्री पुनको भनाइ थियो । धवलागिरीका अध्यक्ष प्रेमप्रसाद पुन, उपाध्यक्ष रेशम पुनमगर, मालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा र अन्नपूर्णका अध्यक्ष भारतकुमार पुन लगायतले म्याग्दीको सम्भावना, आवश्यकता भएका कामको विषयमा मन्त्री पुनको ध्यानाकर्षण गराउनुभएको थियो ।

## गाईभैंसी खरिदमा अनुदान दिएपछि रुपाका किसान ब्यावसायिक पशुपालनमा

*प्रत्यूष समाचारदाता*

कास्की । कास्कीको रुपा गाउँपालिकाले गाईभैंसी किन्न किसानलाई अनुदान दिएपछि पालिकामा व्यावसायिक पशुपालन गर्नेको सङ्ख्या बढेको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा गाउँपालिकाले गरिबी निवारणका लागि दूध उत्पादन परियोजना सुरु गरेर सोमार्फत किसानलाई गत आर्थिक वर्षमा गाई खरिद गर्न नगद अनुदान दिएको हो ।

यसबाट पालिकामा दूध उत्पादन वृद्धि भएको छ भने किसानको आम्दानीसमेत बढेको छ । पालिकामा पशुपालनको लहर चल्दा स्थानीय सरकारको साथले किसान उत्साहित बनेका छन् । रुपा-७ ठूलीवेँसीका किसान शङ्करलाल श्रेष्ठको गोठमा अहिले तीन वटा जर्सी गाई छन् । गाउँपालिकाले प्रतिगाई रु ४० हजार अनुदान उपलब्ध गराएपछि उहाँले गाई किनेर व्यावसायिक पशुपालन सुरु गर्नुभएको हो । श्रेष्ठले दैनिक २० लिटर दूध बजारमा बिक्री गर्नुहुन्छ ।

श्रेष्ठका अनुसार विगतमा उहाँका बुवाले पनि पशुपालन गर्नुहुन्थ्यो । त्यसबेला दूध बिक्री गर्न चार घण्टासम्म पैदल हिँडेर बेगनासताल पुग्नुपर्ने बाध्यता थियो । बजार अभावले उहाँले बुवाको पेसा छाड्नुभयो । अहिले भने दूध सङ्कलनका लागि गाडी गाउँसम्म आउने भएकाले बजार र सङ्कलनको समस्या हटेको श्रेष्ठले बताउनुभयो ।

"गाउँपालिकाले अनुदानपछि मसँगै यहाँका २० जना किसानले जर्सी गाई किनेर व्यावसायिक पशुपालन सुरु गरेका छौं । दूध बिक्री गर्न पनि सहज छ । पालिकाको सहयोग पाएपछि व्यावसायिक पशुपालनमा लाग्न उत्साह बढेको छ", श्रेष्ठले भन्नुभयो । उहाँका अनुसार दूध सङ्कलन र बिक्री गर्न किसानले देउराली कृषक समूह गठन गरेका छन् ।

पहिले ११ सदस्य रहेको समूह अहिले २० सदस्यीय बनेको छ । किसानका गोठमा गाईको सङ्ख्या बढ्दै गएको उल्लेख गर्दै श्रेष्ठले समूहलाई सहकारीमा रूपान्तरण गरी डेरी व्यवसायलाई थप व्यवस्थित र विस्तार गर्ने योजना रहेको जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम अन्तर्गत गाउँपालिकाले सञ्चालन गरेको गरिबी निवारणका लागि दूध उत्पादन परियोजनाले रुपाको ठूलीवेँसीमा मात्र होइन अन्य वडामासमेत व्यावसायिक पशुपालनले गति लिएको छ ।

## जुम्लामा ४८ करोड राजस्व संकलन

जुम्ला । आन्तरिक राजस्व कार्यालय जुम्लाले गत आर्थिक वर्ष २०८२/८३ मा रु ४८ करोड एक लाख २२ हजार राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले उक्त आवमा रु ६४ करोड ४८ लाख ७४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा लक्ष्यको ७४ दशमलव ४५ प्रतिशत प्रगति हासिल गरेको आन्तरिक राजस्व कार्यालय जुम्लाका प्रमुख कर अधिकृत प्रभात घिमिरेले जानकारी दिनुभयो । राजस्व सङ्कलनका विभिन्न शीर्षकमध्ये आयकरतर्फ रु ३५ करोड ८१ लाख ५२ हजार, मूल्य अभिवृद्धि कर (मु.अ.कर) तर्फ रु नौ करोड ८८ लाख नौ हजार, अन्तःशुल्कतर्फ रु ८८ लाख ५८ हजार र अन्यतर्फ रु एक करोड ४३ लाख तीन हजार राजस्व सङ्कलन भएको प्रमुख कर अधिकृत घिमिरेले बताउनुभयो । करदाता शिक्षालाई थप प्रभावकारी बनाउन निर्माण व्यवसायी लगायत ठूला तथा साना व्यवसायीलाई प्राथमिकता दिई करदाता सेवासम्बन्धी कार्य सञ्चालन हुँदै आएको उहाँले बताउनुभयो । कर कानुनबमोजिम लक्षित राजस्व सङ्कलन गर्ने, कर परीक्षण तथा अनुसन्धान गरी कर कानुनको परिपालना गराउने तथा अन्तःशुल्कसम्बन्धी कार्यसमेत सञ्चालन भइरहेको उहाँको भनाइ छ ।

कार्यालयले गत आवको वैशाखदेखि असारसम्म ७४ पटक बजार अनुगमन गरेको जनाएको छ । यस अवधिमा सातवटा अग्रिम करकट्टी परीक्षण, एकवटा पूर्ण कर परीक्षण, २० वटा द्रुत कर परीक्षण, १९ वटा सङ्कलन भ्रमण र पाँच पटक करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको कार्यालयले जनाएको छ ।

चालु आवमा आयकर सङ्कलन अघिल्लो आवको तुलनामा केही वृद्धि भए पनि मूल्य अभिवृद्धि कर सङ्कलनमा भने कमी आएको कार्यालयले जनाएको छ । व्यापार-व्यवसायमा आएको मन्दी तथा विकास निर्माणका कार्य गर्ने सरकारी निकायमा भएको कम पुँजीगत खर्चलगायत कारणले मुअकर सङ्कलनमा कमी आएको कार्यालयको भनाइ छ ।

कार्यालयका अनुसार हालसम्म मुअ करतर्फ एक हजार ७५०, आयकरतर्फ १७ हजार ८४ र अन्तःशुल्कतर्फ ५६५ करदाता दर्ता भएका छन् ।

आन्तरिक राजस्व कार्यालय जुम्लाको कार्यक्षेत्र जुम्लासहित मुगु र कालीकोट जिल्लासम्म रहेको छ । कार्यालयको समन्वयमा कालीकोटको तिलागुफा र रास्कोट नगरपालिकाबाट समेत करदाता सेवा सञ्चालन हुँदै आएको कार्यालयले जनाएको छ । कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा रु ५१ करोड ४१ लाख राजस्व सङ्कलन गरेको थियो ।

सम्पादकीय ....

## सम्झना पुष्पलालको

पुष्पलाल नेपालका पहिलो द्वन्द्वात्मक भौतिकवादी दार्शनिक हुन् । उनले दार्शनिक रूपमा द्वन्द्वात्मक भौतिकवादको बृहत् व्याख्या गरेर नेपाली समाजमा स्थापित गरे ।

दृढ तथा अटल मार्क्सवादी हुनुका साथै पुष्पलाल द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका आधारमा नेपाली समाजको व्याख्या गर्ने द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी हुन् । साथै पुष्पलाल इतिहासविद्, सांस्कृतिकविद्समेत हुन् । यसरी पुष्पलालले दर्शन, इतिहास र संस्कृतिको क्षेत्रमा ठुलो योगदान गरेका छन् । पुष्पलालले लिएकै नीतिको जगमा २०६२/६३ सालको १९ दिने ऐतिहासिक जनआन्दोलनले सफलता पायो । २०६५ जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले २४० वर्से सामन्ती राजतन्त्रात्मक राज्य व्यवस्थाको अन्त्य गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था स्थापना भयो । देश र नेपाली जनताले प्राप्त गरिएका उपलब्धिमा पुष्पलालको महत्वपूर्ण योगदान छ । यसरी नेपालको वाम तथा प्रजातान्त्रिक आन्दोलनमा थप सुधार र परिवर्तन गर्ने नेपालका राजनेतामा पुष्पलालको नाम अग्रणी रूपमा आउँछ ।

पुष्पलालमा चिनियाँ कम्युनिस्ट पार्टीका नेता चिनियाँ नयाँ जनवादी क्रान्तिका सिद्धान्तकार, चिनियाँ नयाँ जनवादी क्रान्तिका रणनीतिज्ञ र सफल कार्यनीतिक योजनाकार माओ त्सेतुङबाट प्रत्यक्ष प्रभाव परेको पाइन्छ। उनले तत्कालीन नेपाली समाजको वर्ग विश्लेषण गर्दै देश अर्ध सामन्ती र अर्ध उपनिवेशिक अवस्थामा रहेको नेपालमा पुँजीवादी क्रान्ति नभइसकेको अवस्थामा नेपालमा गरिने क्रान्ति भनेको नयाँ जनवादी क्रान्ति हुने विश्लेषण गरेर क्रान्तिका रणनीति र कार्यनीति तयार गरेका थिए । नयाँ जनवादी क्रान्ति नयाँखाले पुँजीवादी क्रान्ति भएको र त्यो क्रान्ति मजदुर-किसान एकताका आधारमा राष्ट्रिय पुँजीपति वर्गदेखि सहरिया मजदुरसम्म र धनी किसानदेखि कृषि मजदुरसम्मको सहभागिता सहयोगमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न 'जमिन जोत्नेको, घर पोत्नेको' नारा दिएका थिए । उनले नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर जनताको जनवादी अधिनायकत्व कायम गरेर नेपाली जनतालाई देशको मालिक बनाउने र त्यसपछि वैज्ञानिक समाजवादमा प्रवेश गरेर वर्गविहीन, राज्यविहीन, मान्छेले मान्छेमाथि गरिने सबै खाले शोषण, उत्पीडनको अन्त्य भएको नौलो संसारका रूपमा स्थापना गरिने वैज्ञानिक साम्यवादमा पुग्ने बाटो तय गर्ने दीर्घकालीन योजना तर्ज'मा गरेर कम्युनिस्ट आन्दोलनलाई पुष्पलालले विशिष्ट योगदान दिए । नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशनमा पनि पदप्पलाललाई पन्छाएर मनमोहन अधिकारीलाई महामन्त्रीमा निर्वाचित गरियो । २०१४ सालमा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनले पुष्पलालद्वारा प्रस्तुत गरिएको नयाँ जनवादी क्रान्तिको कार्यक्रम 'गणतन्त्र' पारित गरिएको थियो । निष्ठावान् र कर्मठ कम्युनिस्ट योद्धालाई पार्टी निर्माण र पार्टी सञ्चालनका विधि, विधान, पद्धति निर्माण गरेर पार्टीभित्र लागु गर्न लगाइयो ।

पुष्पलालले देश, जनता र क्रान्तिको हितबाहेक आफ्नो व्यक्तिगत स्वार्थका निम्ति कहिल्यै पनि नसोच्नु अर्को विशेषता हो ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## शिक्षामा गुणस्तर र पहुँच विस्तारको डिजिटल यात्रा

प्रकाश सिलवाल

गुणस्तरीय शैक्षिक सामग्रीमा सहज पहुँच विस्तारका लागि नेपाल सरकारले 'सिकाइ चौतारी' नामक आधिकारिक डिजिटल सिकाइ प्लेटफर्मलाई सक्रिय बनाएको छ ।

विद्यालय तह (कक्षा १ देखि १२) सम्मका विद्यार्थी, शिक्षक र शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकार भएका निकायलाई प्रविधिमैत्री सिकाइको अवसर उपलब्ध गराउन शिक्षा तथा खेलकुद मन्त्रालय मातहतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले 'सिकाइ चौतारी' लाई वेबसाइट र एप्समार्फत अघि बढाइएको हो ।

गुणस्तरीय शिक्षा र तालिम अवसरहरू प्रदान गर्दै 'सबैका लागि शिक्षा, जहाँ पनि जहिले पनि सिक्नुहोस्' भन्ने उद्देश्यलाई यस यात्रामार्फत जोडिएको हो ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको पहिलो मन्त्रिपरिषद्‌बाट पारित नेपाल सरकारको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूचीमा समेत समाविष्ट 'सिकाइ चौतारी' मा हालसम्म ४० हजार ४४९ प्रयोगकर्ता सहभागी भइसकेका छन् । तीमध्ये दुई हजार ७५४ विद्यार्थी, ३४ हजार २३१ शिक्षक र अन्य तीन हजार ४६४ छन् । यस पोर्टलमा हालम्म कक्षा १ देखि १२ सम्मका ५८ पाठ्यक्रम राखिएका छन् ।

सरकारको १०० बुँदे सुधारको सूचकमा समेत समावेश रहेको 'सिकाइ चौतारी' ले डिजिटल माध्यमबाट सिकाइ सामग्रीमा पहुँच पुर्‍याउने, विषय विज्ञसँग जोडिने तथा नवीन ज्ञानको खोज र विस्तार गर्ने अवसर प्रदान गर्ने लक्ष्य लिएको छ । प्रविधिको बढ्दो प्रयोगसँगै शिक्षण-सिकाइ प्रक्रियालाई थप प्रभावकारी, पहुँचयोग्य र आधुनिक बनाउने सरकारी प्रयासका रूपमा यसलाई अघि बढाइएको हो ।

केन्द्रका उपमहानिर्देशक एवं प्रवक्ता महेन्द्र पराजुलीले उक्त प्लेटफर्म अहिले सहरी क्षेत्रका शिक्षकले बढी प्रयोग गरिरहेका बताउँदै शीघ्र 'सिकाइ चौतारी'लाई दुरदराजका शिक्षकका साथै विद्यार्थीहरूलाई केन्द्रित गरेर यसको क्षमता र पहुँच विस्तार गर्ने बताउनुभयो ।

उहाँले विगतदेखिकै निरन्तर कार्यक्रमका रूपमा सिकाइ चौतारी रहेकाले चालु आर्थिक वर्षमा यसलाई सुदृढीकरणका लागि बजेटको आवश्यक प्रबन्ध गरिएको जनाउँदै विद्यार्थीमैत्री सामग्री उत्पादनमा थप जोड दिइने उल्लेख गर्नुभयो । उहाँले माध्यमिक शिक्षा परीक्षा (एसईई) को सामग्री विकास गरेर राष्ट्रिय परीक्षा बोर्डको सहकार्यमा रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारण गर्दा नतिजामा सुधार आएकाले यस्ता कार्यलाई निरन्तरता दिइने जानकारी दिनुभयो ।

यसमा पाठ्यक्रमका आधारमा श्रव्यदृश्य र रेखाचित्रसहित आकर्षक शैलीमा स्रोत सामग्री राखिएका छन् । यसमा स्वनिर्देशित सिकाइ सामग्री, शिक्षा पोर्टल कार्यक्रम, विद्यालय पूर्वाधार डिजाइन तथा श्रव्यदृश्य, साङ्केतिक भाषा स्रोत, नवप्रतिभा विज्ञान परिचय तथा योग अभ्यास, नेपाली बालसङ्ग्रह, गीत सङ्ग्रह, श्रव्य शिक्षा सामग्री, आइसिटी सामग्री, एसइई परीक्षा, अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रम, समाचार मञ्च, अङ्ग्रेजी तथा नेपाली कथा, शब्दावलीलगायत विषय राखिएका उप महानिर्देशक पराजुलीले जानकारी दिनुभयो । 'सिकाइ चौतारी' मार्फत् विद्यार्थी तथा शिक्षकले विभिन्न विषयसँग सम्बन्धित गुणस्तरीय शैक्षिक सामग्री डिजिटल रूपमा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ । परम्परागत कक्षा कोठामा सीमित सिकाइलाई डिजिटल माध्यमबाट विस्तार गर्दै भौगोलिक तथा अन्य कारणले सहज रूपमा शैक्षिक स्रोतमा पहुँच नपुगेका विद्यार्थी तथा शिक्षकलाई सिकाइको अवसर उपलब्ध गराइने मन्त्रालयले जनाएको छ ।

डिजिटल प्लेटफर्मले सिकाइलाई केवल पाठ्यपुस्तकमा सीमित नराखी विषयविज्ञ, स्रोत सामग्री तथा नयाँ ज्ञानसँग जोड्ने अवधारणालाई प्राथमिकता दिएको छ । यसबाट प्रयोगकर्ताले आफूलाई आवश्यक विषयमा थप जानकारी हासिल गर्ना साथै सिकाइ प्रक्रियालाई रूचि र आवश्यकता अनुसार अघि बढाउन सक्ने अपेक्षा गरिएको छ ।

सरकारले सार्वजनिक सेवाको डिजिटल रूपान्तरणलाई प्राथमिकता दिँदै शिक्षा क्षेत्रमा पनि प्रविधिको अधिकतम उपयोग गर्ने नीति अघि सारेको छ । सोही नीतिअनुसार 'सिकाइ चौतारी'लाई डिजिटल शिक्षा प्रवर्द्धनको महत्वपूर्ण माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ । यसले विद्यालय तहदेखि शिक्षा क्षेत्रका विभिन्न पक्षमा डिजिटल स्रोतको प्रयोग बढाउन सहयोग पुर्‍याउने विश्वास गरिएको छ ।

शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढ्दै गएको अवस्थामा यस्ता डिजिटल प्लेटफर्मले शिक्षक र विद्यार्थीबीचको सिकाइ सम्बन्धलाई थप प्रभावकारी बनाउन सक्ने देखिन्छ। विशेषगरी नयाँ पुस्तालाई प्रविधिसँग जोड्दै ज्ञानको खोज, आदानप्रदान र विस्तारमा सहयोग पुर्‍याउने माध्यमका रूपमा 'सिकाइ चौतारी'लाई उपयोग गर्न सकिने उपमहानिर्देशक पराजुलीले बताउनुभयो ।

देशभरका शिक्षकलाई सिकाइ चौतारीको प्रयोगसम्बन्धी जानकारी दिने उद्देश्यले अभिमुखीकरण सम्बन्धी अध्ययन शृङ्खला पनि तयार गरिएको छ । उक्त शृङ्खलाका केही पाठहरू कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको प्रयोग गरी तयार गरिएको छ। एआई तथा नयाँ प्रविधिको प्रयोगबाट स्वीकृत पाठ्यसामग्री तथा पाठ्यक्रमबमोजिम आगामी दिनमा सिकाइ चौतारीमा अन्तक्रियात्मक शृङ्खला तथा शिक्षक तालिमसम्बन्धी सामग्रीहरू विकास गरिने उपमहानिर्देशक पराजुलीले उल्लेख गर्नुभयो । हालै सम्पन्न शिक्षा तथा खेलकुद मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक एवं वार्षिक प्रगति समीक्षा बैठकमा डिजिटल नेपाल निर्माणको अवधारणाअनुसार शिक्षा क्षेत्रमा प्रविधिको प्रयोग विस्तार गर्दै लगेको सन्दर्भमा 'सिकाइ चौतारी' को विकासलाई महत्वपूर्ण कदमका रूपमा लिइएको थियो ।

गुणस्तरीय शैक्षिक सामग्रीमा पहुँच, विज्ञसँगको सम्बन्ध तथा नवीन ज्ञानको विस्तारलाई एउटै डिजिटल माध्यममा जोड्ने प्रयासले नेपालको शिक्षा प्रणालीलाई थप समावेशी, प्रविधिमैत्री र पहुँचयोग्य बनाउन योगदान पुर्‍याउने भएकाले यसलाई अभिवृद्धि गर्न बैठकमा जोड दिइएको थियो । बैठकमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले चालु आर्थिक वर्षदेखि 'सिकाइ चौतारी' कार्यक्रमलाई उच्च प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिनुभयो । उहाँले नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, नतिजामुखी कार्यसंस्कृतिको विकास तथा शिक्षा प्रणालीमा गुणात्मक सुधारमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

## रुग्ण राष्ट्रिय उद्योगमा सुधारका आशालाग्दा परिणाम

काठमाडौं । रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानलाई इमान्दार प्रयास, कानुनको कार्यान्वयन र निरन्तरको सामूहिक प्रयासबाट पुनः सञ्चालन गरी तिनलाई प्रतिस्पर्धी बनाउन सकिने आशालाग्दा परिणाम देखिएका छन् ।

नेपाल औषधि लिमिटेड, हेटौँडा कपडा उद्योग, नेपाल वायुसेवा निगम, दुग्ध विकास संस्थान र सिंहदरबार वैद्यखानामा प्रारम्भ भएका सुधारले रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानको पुनरुत्थान सम्भव रहेको देखाएको हो ।

"जब नियत सफा हुन्छ र जिम्मेवारीप्रति इमानदारिता देखाइन्छ, तब जस्तोसुकै चुनौतीपूर्ण परिस्थितिमा पनि सुधारका नयाँ ढोका खुल्छन् । नयाँ सरकारले सुरुदेखि नै राष्ट्रिय उद्योग र संस्थानहरूलाई कसरी पुनः जीवन्त र प्रतिस्पर्धी बनाउन सकिन्छ भन्ने विषयलाई प्राथमिकतामा राख्दै निरन्तर सहजीकरण, उत्प्रेरणा र समन्वय गर्दै आएको छ", प्रधानमन्त्री वालेन्द्र शाहले भन्नुभएको छ, "त्यही इमान्दार प्रयास, कानुनको कार्यान्वयन र निरन्तरको 'टिमवर्क' का कारण केही राष्ट्रिय उद्योग तथा संस्थानमा आशालाग्दा परिणाम देखिन थालेका छन् ।" प्रधानमन्त्री शाहले आज बिहान सामाजिक सञ्जालमार्फत वर्षौंदेखि बन्द रहेका, घाटामा थलिएका र रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानमा पछिल्लो समय देखिन थालेका सुधार र प्रगतिबारे जानकारी पनि गराउनुभएको छ। प्रधानमन्त्री शाहले नेपाल औषधि लिमिटेड, हेटौँडा कपडा उद्योग, नेपाल वायुसेवा निगम, दुग्ध विकास संस्थान र सिंहदरबार वैद्यखानामा भएका सुधारका प्रयास र प्राप्त उपलब्धिलाई प्रस्तुत गर्दै इमान्दार प्रयास, कानुनको कार्यान्वयन र निरन्तरको सामूहिक प्रयासबाट रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानलाई पुनः सञ्चालनमा ल्याएर प्रतिस्पर्धी बनाउन सकिने उल्लेख गर्नुभएको छ । उहाँले नियत सफा राखेर जिम्मेवारीप्रति इमान्दार हुँदै निरन्तर सहजीकरण, उत्प्रेरणा र समन्वय गर्न सके चुनौतीपूर्ण अवस्थामा पनि सुधारका नयाँ ढोका खुल्ने बताउनुभएको छ ।

प्रधानमन्त्री शाहले सार्वजनिक गर्नुभएका उद्योग एवं संस्थानको विवरण यस प्रकार छः

नेपाल औषधि लिमिटेड

घाटामा रहेको नेपाल औषधि लिमिटेडले पछिल्लो चार महिनामा रु.२ करोड ३८ लाखको औषधि बिक्री गरेको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) को 'गुड म्यानुफ्याक्चरिङ प्राक्टिस' (जिएमपी) मापदण्ड प्राप्त गरेपछि औषधि बिक्रीमा बढोत्तरी आएको हो । कम्पनी गत आर्थिक वर्षमा रु.३ करोड नाफा आर्जन गर्न सफल भएको छ । चालु आर्थिक वर्षमा रु.३० करोडको औषधि बिक्री गर्ने लक्ष्य लिइएको छ । शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा लिमिटेडबाट आगामी तीन वर्षमा ९८ प्रकारका निःशुल्क औषधि उत्पादन गर्ने लक्ष्य लिइएको छ । (बाँकी पृष्ठ ३ मा)

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- भुल लगाएर खाटमा सुत्ने गरौं ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## नयाँपुल-घान्द्रुक सडक अवरुद्ध, सिक्लेस दुई दिनपछि खुल्यो

कास्की । केही दिनयताको अविरल वर्षाका कारण कास्कीका दुई प्रमुख पर्यटकीय गन्तव्य पुग्ने सडक अवरुद्ध हुँदा स्थानीय वासी र पर्यटक समस्यामा परेका छन् ।

पहिराले नयाँपुल-घान्द्रुक सडक खण्ड अवरुद्ध बनेको छ । यस सडकखण्ड अन्तर्गत अन्नपूर्ण-१० मा यही साउन २१ गते राति सिवाँ खोलाले सडक बगाउँदा घान्द्रुकसँगको सिधा यातायात सञ्जाल टुटेको अन्नपूर्ण गाउँपालिकाका प्रवक्ता भरतमान गुरुङले जानकारी दिनुभयो ।

"खोलाले सडकको बेस सबै बगाएको छ । अप्ठ्यारो भूगोलका कारणले तत्काल बाटो खुलाउन सकिने अवस्था छैन । जिल्ला प्रशासनसँग छलफलमै छौं, कसरी सडक सञ्चालन गर्ने भनेर प्राविधिक अध्ययन भइरहेको छ," गुरुङले भन्नुभयो ।

बाटो अवरुद्ध भएपछि घान्द्रुक आउजाउ गर्ने स्थानीयवासी र पर्यटकलाई समस्या परेको छ । सडक अवरुद्ध भएको स्थानसम्म पोखराबाट जाने र त्यहाँ झरेपछि झोलुङ्गे पुलबाट नदी पार गरेर अर्को गाडीमा घान्द्रुक जाने अस्थायी प्रबन्ध गरिएको प्रवक्ता गुरुङले बताउनुभयो । घान्द्रुक अन्नपूर्ण आधार शिविरको प्रवेशद्वार समेत हो ।

यसैगरी, कास्कीको अर्को पर्यटकीय गन्तव्य मादी गाउँपालिका-१ सिक्लेस जाने सडक भने तीन दिनपछि सञ्चालनमा आएको छ । यही साउन २० गते राति काहुँखोला-सिक्लेस सडकखण्डमा पर्ने खिलाङ र चिप्लीको बीचमा ठूलो पहिरो जाँदा सडक अवरुद्ध भएकामा आज साँझदेखि बाटो सञ्चालन भएको मादी-१ का वडाध्यक्ष एवं गाउँपालिका प्रवक्ता देवीजङ्ग गुरुङले जानकारी दिनुभयो । "जिल्ला प्रशासन कार्यालय र सडक डिभिजन कार्यालय पोखरासँगको समन्वयमा दुई दिनको प्रयासपछि सडक खुलेको छ," वडाध्यक्ष गुरुङले भन्नुभयो ।

सडक डिभिजन कार्यालयले पोखराको काहुँखोलादेखी सिक्लेससम्म अहिले सडक स्तरोन्नतिको काम समेत गर्दै आएको छ । सडक पहिराले अवरुद्ध भएपछि स्थानीयवासी र पर्यटक समस्यामा परेका थिए ।

सिक्लेस ग्रामीण पर्यटनका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा प्रख्यात छ । बर्खायामका कारणले सिक्लेसमा हाल पर्यटक आगमन कम रहे पनि सार्वजनिक बिदामा भने आन्तरिक पर्यटक उल्लेख्य पुग्ने गरेका छन् ।

## पशुपति क्षेत्रमा गरियो पाँचौं हप्ताको सफाइ

काठमाडौं । आराध्यदेव भगवान् श्री पशुपतिनाथ विराजमान हुनुभएको पशुपति क्षेत्रमा साउनको चौथो सोमबारको तयारीस्वरूप सफाइ गरिएको छ ।

पशुपति क्षेत्र विकास कोषले साउनको सोमबारको तयारीस्वरूप विगत पाँच हप्ता अघिको शनिबारदेखि सफाइ अभियान सुरु गरेको हो । सफाइको पाँचौं साता आज पनि पशुपति क्षेत्रका विभिन्न स्थानमा सफाइ गरिएको कोष सञ्चालक परिषद् सदस्यसमेत रहनुभएका स्थानीयवासी एव पशुपतिका भण्डारी केदारमान भण्डारीले राससलाई जानकारी दिनुभयो ।

पाँचौं हप्ताको आजको सफाइका क्रममा दर्शनका लागि भक्तजन लाम बस्ने चारै ढोकाअघिको क्षेत्र एवं मूल ढोका प्रवेश मार्ग क्षेत्रमा पनि सफाइ गरिएको उहाँले बताउनुभयो । भुवनेश्वरी मन्दिरअघिबाट सुरु भएको सफाइ इट्टापाखा, जयवागेश्वरी, सुन्धारा, भण्डारखालगायत क्षेत्रमा सफाइ गरिएको छ । सौरमासअनुसार साउनको अन्तिम सोमबार भक्तजन धेरै हुने भएकाले मन्दिरको सुरक्षा संयन्त्र कडाइ गर्न लागिएको छ । यही साउन २५ गते सोमबार बोल बम यात्रा पनि धेरै भएकाले पशुपति क्षेत्रमा विशेष व्यवस्था गरिएको कोषले जनाएको छ । बोल बम यात्रीलाई वासुकितिरबाट प्रवेश गराएर मूल मन्दिरको उत्तरढोकाबाट जल चढाउने व्यवस्था मिलाइएको पनि परिषद् सदस्य भण्डारीले बताउनुभयो ।

सफाइमा तीन वटै सुरक्षा निकायका अधिकारीहरू कोषका सदस्यसचिव तीर्थ श्रेष्ठ, कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठलगायत कोष सञ्चालक परिषद् सदस्यहरू, कोषका कर्मचारी, स्थानीय सङ्घसंस्थालगायत स्थानीयवासीको पनि सक्रिय सहभागिता रहेको पनि उहाँले सुनाउनुभयो । प्रहरी पहरा गणलगायत सुरक्षा निकायको पनि सफाइमा सहभागिता रहेको थियो । विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रलाई सफा राख्न चेतना जगाउने उद्देश्यले सफाइ अभियान सुरु गरिएको हो । यो वर्ष साउन महिनामा चार वटा सोमबार परेको छ ।

पहिलो, दोस्रो र तेस्रो सोमबार साउन ४, ११ र १८ गते सम्पन्न भइसकेको छ । यसैगरी, साउनको २५ गतेको तयारी अहिले भइरहेको छ । सौरमासअनुसार बाँकी एउटा सोमबार भक्तजनलाई सहज रूपमा पशुपतिनाथ मन्दिरभित्र पूजा, आराधना एवं दर्शन गराउने उद्देश्यले यो सफाइ गरिएको हो । चान्द्रमास अनुसार भने साउन १८ गतेको सोमबार पहिलो थियो । चान्द्रमास अनुसार साउन २५ गते दोस्रो सोमबार र त्यसपछिका दुई वटा सोमबार पनि पशुपतिनाथ मन्दिरमा भक्तजनको लाम लाग्ने गर्छ । कतिपय भक्तजनले भने चान्द्रमासअनुसार साउन लागेपछि मात्र पशुपतिनाथलगायत शिवालयमा पूजा, आराधना एवं दर्शन गर्ने परम्परा रहेको बताएका छन् ।

यस वर्ष असार अन्तिम साता अस्त भएको बृहस्पति साउन २६ गते उदय हुने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । त्यसैले चान्द्रमास अनुसारका बाँकी दुई सोमबार पशुपतिनाथ मन्दिरमा भक्तजनको लाम लाग्ने भएकाले त्यसैअनुसार तयारी गरिएको जनाइएको छ ।

साउनको शनिबार आज पनि पशुपतिनाथ मन्दिरमा भक्तजनको घुइँचो थियो । शनिबारको सार्वजनिक बिदाका दिन अन्य दिन जान नसक्ने भक्तजनको लाम लागेको हो । साउन महिना भगवान् शिवको महिना र सोमबार भगवान् शिवको बार भएकाले पनि साउन महिना र सोमबार पशुपतिनाथ मन्दिरमा भक्तजनको लाम लाग्ने गरेको छ ।

## रुग्ण राष्ट्रिय...........

सोही लक्ष्यअनुरूप यस वर्ष ३७ प्रकारका औषधि उत्पादन गर्ने लक्ष्य लिइएकामा २५ प्रकारका औषधिको उत्पादन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। लिमिटेडबाट हाल ११ प्रकारका औषधि उत्पादन भइरहेका छन् ।

हेटौंडा कपडा उद्योग

वर्षौंदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुनः सञ्चालन गर्न परीक्षण उत्पादनको जिम्मेवारी नेपाली सेनालाई दिइएको छ। परीक्षण उत्पादनपछि नेपाल सरकारले नै उद्योग सञ्चालन गर्नेछ ।

तान (लुम) मर्मतपछि परीक्षण उत्पादन सुरु भएको र केही मात्रामा कपडा उत्पादनसमेत सुरु भइसकेको छ ।

नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगमले गत आर्थिक वर्षको चैतदेखि असारसम्म रु.६ अर्ब २७ करोड ६३ लाख आम्दानी गरेको छ। यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा रु.१ अर्ब १० करोड २१ लाखले बढी हो । यस अवधिमा नेपाल एयरलाइन्सको सिट उपयोगिता (अकुपेन्सी) बढेर ८६ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिको तुलनामा अकुपेन्सी ६ प्रतिशतले बढेको हो । कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट जहाज खरिद गर्न लिइएको ऋणबापतको रु.१ अर्ब ६ करोड १९ लाख किस्तासमेत यसै अवधिमा भुक्तानी गरिएको छ ।

दुग्ध विकास संस्थान

दुग्ध विकास संस्थान (डिडिसी) ले किसानको रोकिएको बक्यौता भुक्तानीलाई प्राथमिकता दिँदै भुक्तानी चक्रलाई आठ महिनाको अवधिबाट घटाएर दुईदेखि तीन महिनामा झारेको छ । यसअघि रु.७२ करोड रहेको बक्यौता रकम अहिले रु.३५ करोडमा झारिएको छ ।

किसानलाई दूधमा प्रतिलिटर रु.१ प्रोत्साहन रकम थप गरिएको छ। सुधारका प्रयास सुरु भएपछि डिडिसीको दैनिक बिक्री ३५ प्रतिशतले बढेको छ । राजस्व सङ्कलनसमेत औसत दैनिक रु.६० लाखबाट बढेर रु.९० लाख पुगेको छ ।

कानुनविपरीत विगतदेखि सबै कर्मचारीलाई वितरण गर्दै आएको घ्यू र दूधको सुविधा कटौती गरी वार्षिक झण्डै रु.३ करोड बचत गरिएको छ । डिडिसीले चाँडै खाडी मुलुकमा घ्यू तथा चीजमा बटर र छुर्पी निर्यात गर्ने तयारी गरिरहेको छ । नगरकोट केन्द्रबाट चिज उत्पादन पुनः सुरु गर्ने तयारीसमेत भइरहेको छ ।

वैद्यखाना विकास समिति

सिंहदरबार वैद्यखाना विकास समितिले सरकार गठन भएपछि रु.११ करोड १६ लाख बराबरको आयुर्वेदिक औषधि उत्पादन गरी बजारीकरण गरेको छ । गत आर्थिक वर्षमा औषधिको कारोबार करिब रु.१३ करोड पुगेको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा चार गुणा बढी हो । निःशुल्क वितरण हुने ३५ प्रकारका औषधि उत्पादनमा वैद्यखाना आत्मनिर्भर बन्ने दिशातर्फ अग्रसर भएको छ । हाल १०५ प्रकारका आयुर्वेदिक औषधि उत्पादन भइरहेका छन् भने चालु आर्थिक वर्षमै १५० प्रकारका औषधि उत्पादन गर्ने लक्ष्य लिइएको छ ।

चालु आर्थिक वर्षमा पाउडर र ट्याब्लेट औषधि उत्पादनमा 'गुड म्यानुफ्याक्चरिङ प्राक्टिस' (जिएमपी) मापदण्ड हासिल गर्ने लक्ष्य लिइएको छ । त्यसैगरी जडीबुटी तथा औषधिजन्य कच्चा पदार्थको प्रशोधन केन्द्र स्थापना गर्ने लक्ष्यसमेत राखिएको छ ।

राष्ट्रिय उद्योग तथा संस्थानमा देखिन थालेको यो सुधारले लामो समयदेखि रुग्ण रहेका अन्य उद्योगमा पनि नयाँ जीवन भर्न सकिने विश्वास बलियो बनाएको छ । इमानदारी र देशप्रतिको समर्पण कायम रहिरहेमा रुग्ण अवस्थामा रहेका अन्य राष्ट्रिय उद्योग तथा संस्थानलाई पनि पुनः सञ्चालनमा ल्याएर प्रतिस्पर्धी बनाउन सकिने अपेक्षा गरिएको छ । माटोमा उत्पादन बढाएर देशलाई आत्मनिर्भर बन्ने बाटोमा अघि बढाउने यो यात्रामा सबैको रचनात्मक साथ, भरथेग र विश्वासको अपेक्षा गरिएको छ ।

## महिलाको नेतृत्वमा दिगो चाडपर्व संस्कृतिको प्रवर्द्धन गर्ने हरित उत्सव अभियान शुभारम्भ

ललितपुर । महिलाको नेतृत्वमा दिगो चाडपर्व संस्कृतिको प्रवर्द्धन गर्ने 'हरित उत्सव' अभियान आजदेखि शुभारम्भ गरिएको छ । चाडपर्वलाई वातावरणमैत्री, दिगो र जिम्मेवार बनाउने उद्देश्यसहित 'हरित उत्सवः परिवर्तनको नेतृत्व महिलाको हातमा' अभियान शनिबार ललितपुरको ऐतिहासिक पाटन दरबार क्षेत्रमा शुभारम्भ गरिएको हो ।

नेपाली कांग्रेसी मुख्य सचेतक वासना थापाले वातावरण संरक्षणका लागि पुनःप्रयोगको अभ्यासले समाजमा सकारात्मक प्रभाव पार्ने बताउनुभयो । "वातावरण संरक्षण हाम्रो जिम्मेवारी हो, संरक्षित हाम्रो सम्पदा र हरित वातावरणले सकरात्मक प्रभाव पार्छ, जलवायु परिवर्तन कुनै एक वर्ग वा समुदायको मात्र सरोकार नभई सबै नागरिकको साझा विषय हो", उहाँले भन्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले जलवायु परिवर्तनका कारण समाजका सबै वर्ग प्रभावित भइरहेको बताउँदै यो महिला वा अल्पसङ्ख्यक समुदायको मात्रै सरोकारको विषय नभएको उल्लेख गर्नुभयो । उहाँले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि आवश्यक नीतिगत व्यवस्था तथा कानुनी प्रबन्धमा ध्यान दिँदै संसद्वा प्रभावकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

त्यस्तै मधेसी आयोगका सदस्य रेणु शाहले विश्वव्यापी रूपमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न हरित अभियान, पुनःप्रयोग र पुनःचक्रणलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । उहाँले वातावरण संरक्षणका लागि सबै पक्षले एकअर्कालाई सहयोग गर्दै अघि बढ्नुपर्ने धारणा राख्नुभयो । कृषि, वन तथा पर्यावरण मन्त्रालयका उपसचिव मधु घिमिरेले उपलब्ध स्रोतसाधनको अधिकतम उपयोगमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले प्रत्येक स्रोतको उपयोग गर्दा थोरैबाट बढीभन्दा बढी लाभ लिन सकिने गरी दिगो र जिम्मेवार उपभोगको अभ्यास विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

साथसाथै फाउण्डेशनकी अध्यक्ष प्रजिता कार्कीले कार्यक्रम वातावरण संरक्षणसम्बन्धी सचेतना जगाउने अभियान भएको बताउनुभयो । उहाँले महिलावादी संस्था तथा जलवायु परिवर्तनसँग जोडिएका समस्याका क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो ।

मिडिया एड्भोकेसी फोरमका कार्यकारी निर्देशक एवं सञ्चारकर्मी बबिता बस्नेतले वातावरण संरक्षणलाई साझा जिम्मेवारीका रूपमा अघि बढाउनुपर्नेमा जोड दिँदै जलवायु परिवर्तनले पारेको प्रभाव, प्लास्टिकजन्य फोहोर न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रण, हरित अभियान र वातावरणमैत्री व्यवहार विकासमा ध्यान दिनुपर्ने बताउनुभयो। साथसाथै फाउण्डेशनले अन्तरपुस्ता नारीवादी मञ्च (आईजीएफएफ) तथा ललितपुर महानगरपालिकाको सहकार्यमा आयोजना गरेको उद्घाटन कार्यक्रममा महिला, युवा, कलाकार, जलवायु अभियन्ता, सामाजिक अभियन्ता, नागरिक समाजका प्रतिनिधि, जनप्रतिनिधि, सरकारी अधिकारी, सञ्चारकर्मी तथा स्थानीय समुदायको सहभागिता रहेको थियो ।

बागमती प्रदेश पाइलटका रूपमा सुरु गरिएको अभियानले नेपालका चाडपर्वहरूलाई सात आर (पुनःविचार, अस्वीकार, न्यूनीकरण, पुनःप्रयोग, मर्मत, पुनःउद्देश्यकरण र पुनर्चक्रण) मा आधारित परिपत्र अर्थतन्त्रको अवधारणासँग जोड्दै दिगो जीवनशैलीको अभ्यासलाई समुदायस्तरसम्म विस्तार गर्ने लक्ष्य लिएको छ ।

## पाटन बारका तीन समूहबीच प्रतिस्पर्धा हुँदै

काठमाडौं । उच्च अदालत बार एशोसिएशन पाटनको नयाँ कार्यसमिति निर्वाचनका लागि तीन समूहबीच प्रतिस्पर्धा हुने भएको छ ।

उच्च अदालतहरुमध्ये सबैभन्दा धेरै सदस्य भएको सो बारको यही साउन ३० गते तय भएको निर्वाचनमा बृहत प्रगतिशील तथा पेशागत समूह, डेमोक्रेटिक लयर्स एशोसिएशन र स्वतन्त्र कानुन व्यवसायी मञ्च गरी तीन समूहबीच प्रतिस्पर्धा हुँदैछ । बृहत् प्रगतिशिल तथा पेशागत समूहतर्फबाट अध्यक्ष सेवन्तराज निरौला, डेमाक्रेटिक लयर्स एशोसिएशनका तर्फबाट अध्यक्षमा देवीप्रसाद रिजाल र स्वतन्त्र कानुन व्यवसायी मञ्चका तर्फबाट भेषराज पोखरेलले नेतृत्व गर्दै हुनुहुन्छ । सो बारमा नौ पदाधिकारीसहित १९ कार्यसमितिका लागि निर्वाचन हुने तय भएको हो । यही साउन ३० गते शनिबार बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म मतदान गर्ने कार्यक्रम तय भएको छ ।

उक्त बारको निर्वाचनका प्रमुख निर्वाचन अधिकृत शान्तिराम खतिवडाले शान्तिपूर्ण वातावरणमा निर्वाचन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । सो बारमा दुई हजार ३६६ जना मतदाता रहेका छन् । दुई वर्षका लागि नयाँ कार्यसमिति चयन हुने लागेको हो ।

## कालिकोटमा चिकित्सक र नर्समाथि आक्रमण गर्ने पक्राउ

कर्णाली । पलाँता गाउँपालिका-थिर्पु कालिकोट पलाँता अस्पतालमा कार्यरत चिकित्सक र नर्समाथि कुटपिट गर्ने तीन जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा पलाँता गाउँपालिका-९ कालिकोट थिर्पुका ३५ वर्षीय सुशील बम, ३२ वर्षीय मैना बम र ३० वर्षीय तपेन्द्र बम रहेको जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रमुख प्रहरी नायब उपरीक्षक हिमबहादुर खत्रीले जानकारी दिनुभयो ।

उहाँका अनुसार सुशील र मैना बमले शुक्रबार दिउँसो मेडिकल अधिकृत डा अली हैदर रैन र नर्स शान्ता गिरीमाथि कुटपिट तथा दुर्व्यवहार गरेका थिए ।

तपेन्द्र राति अस्पताल प्रवेश गरी त्यहाँ कार्यरत अहेब विष्णु रोकाया र सुरक्षा गार्ड दर्न डनलाई कुटपिट गर्नुका साथै अस्पतालमा तोडफोड गरेका थिए । तोडफोडबाट भिडियो स्क्यान मेसिन, भ्याक्सिन राख्ने फ्रिज, पङ्खा, अस्पतालका झ्याल,



फार्मेसीमा औषधि राखिएका दराज, र्‍याकलगायत क्षति पुगेको जनाइएको छ ।

चिकित्सक, नर्स, कर्मचारी कुटपिट र अस्पताल तोडफोड गर्नेसहित तीन जनालाई गएराति नियन्त्रणमा लिई अनुसन्धान अगाडि बढाईएको प्रहरी नायब उपरीक्षक खत्रीले बताउनुभयो । अस्पतालभित्र भिडियो गेम खेल्न नदिएको निहुँमा विवाद भई चिकित्सक र नर्समाथि कुटपिट भएको र त्यही घटनालाई लिएर राति उनीहरूमाथि आक्रमणको प्रयास तथा अस्पताल तोडफोड भएको जनाइएको छ। उक्त घटनामा संलग्न बालकलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कालिकोटले जनाएको छ ।

## बिदाको दिन प्रशासन खुलेपछि राष्ट्रिय परिचयपत्र बनाउन सहज

दमौली । सरकारी कार्यालयमा सामान्य तया सार्वजनिक बिदाका दिन सेवा प्रवाह हुँदैन । तर, जिल्ला प्रशासन कार्यालय तनहुँले भने राष्ट्रिय परिचयपत्र बनाउनुपर्ने सेवाग्राहीको बढ्दो चापलाई मध्यनजर गर्दै बिदाको दिनसमेत कार्यालय खोलेर सेवा दिन थालेको छ ।

नियमित कार्यालय समयमा विद्यालय, कलेज तथा अन्य काममा व्यस्त हुने सेवाग्राहीका लागि बिदाको दिन सेवा दिँदा सहज हुने भएकाले यसलाई कार्यान्वयन गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । व्यास नगरपालिका-२ निवासी अपेक्षा सुनारले बिदाको दिन सेवा लिन पाउँदा आफू प्रत्यक्ष लाभ लिने सेवाग्राहीमध्ये एक भएको बताउनुभयो । सत्यवती माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत उहाँलाई विद्यालय सञ्चालन हुने दिन प्रशासन कार्यालय पुगेर राष्ट्रिय परिचयपत्र बनाउन समस्या थियो । विद्यालयको पढाइ प्रभावित हुने भएकाले उहाँले बिदाको दिनको फाइदा लिनुभएको छ । प्रशासन कार्यालयले शनिबार र आइतबार राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा दिएकाले बिदाको दिन कार्यालय पुगेर उहाँले आफ्नो परिचयपत्रका लागि आवश्यक प्रक्रिया पूरा गर्नुभएको छ । "अरू दिन विद्यालय जानुपर्छ । बिदाको दिन कार्यालय खुलेर सेवा दिएपछि धेरै सहज भयो", उहाँले भन्नुभयो । सुनारको जस्तै समस्या धेरै विद्यार्थी तथा नियमित कार्यालय समयमा व्यस्त रहने सेवाग्राहीको छ । राष्ट्रिय परिचयपत्र अहिले विभिन्न सरकारी सेवा, राहदानीलगायत काममा आवश्यक पर्ने महत्वपूर्ण कागजपत्र बन्दै गएपछि यसको आवश्यकता बढेको छ । सोही कारणले जिल्ला प्रशासनमा राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीको सङ्ख्या पछिल्ला दिनमा उल्लेख्य रूपमा बढेको छ ।

राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीको चाप अत्यधिक बढेपछि जिल्ला प्रशासन कार्यालयले सेवा प्रवाहलाई सहज बनाउन सार्वजनिक बिदाको दिनसमेत सेवा सञ्चालन गर्ने निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार शनिबार र आइतबार बिहान ९:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म सेवा प्रदान गरिँदै आइएको छ । उहाँका अनुसार कार्यालयमा सेवाग्राहीको चाप बढ्दै गएपछि नियमित कार्यदिनमा मात्रै सेवा दिँदा धेरै सेवाग्राहीले समय व्यवस्थापन गर्न समस्या भोग्नुपर्ने अवस्था आएपछि बिदाको दिनसमेत सेवा सञ्चालन गरिएको हो ।

विशेषगरी विद्यार्थी, निजी क्षेत्रमा कार्यरत कर्मचारी, व्यवसायी तथा नियमित कार्यालय समयमा आफ्नो काममा व्यस्त रहने नागरिकका लागि बिदाको दिनको सेवा प्रभावकारी हुने प्रशासनको अपेक्षा छ । कार्यालयले सेवाग्राहीको भीडलाई व्यवस्थित बनाउन टोकन प्रणालीलाई प्राथमिकता दिएको छ । यसैबीच, सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले सेवाग्राहीलाई तोकिएको मितिमा कार्यालयबाट टोकन लिएर आफ्नो पालोअनुसार सेवा लिन आग्रह गर्नुभयो । यसले एकैपटक ठूलो सङ्ख्यामा सेवाग्राही कार्यालयमा जम्मा हुँदा उत्पन्न हुने भीड कम गर्नुका साथै सेवा प्रवाहलाई व्यवस्थित बनाउन सहयोग गर्ने उहाँको भनाइ छ ।

## दलित समुदायका थर सूचीकरण गर्नुअघि मन्त्रालयद्वारा सुझाव माग

काठमाडौं । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले राष्ट्रिय दलित आयोगबाट सिफारिस भएका थरहरूको सूची सार्वजनिक गरी सरोकार भएका निकायका प्रतिनिधि तथा नागरिकसँग रायसुझाव र प्रतिक्रिया माग गरेको छ ।

राष्ट्रिय दलित आयोगले प्रचलित कानुनबमोजिम दलित समुदायका थरहरू सूचीकरणका लागि सिफारिससहित मन्त्रालयमा विवरण पठाएको थियो । उक्त सिफारिसका आधारमा थरहरू सूचीकरण गर्नुअघि सम्बन्धित समुदाय, सरोकार भएका व्यक्ति तथा सङ्घसंस्था, विज्ञ र आमनागरिकबाट सुझाव लिन मन्त्रालयले सूची सार्वजनिक गरेको हो ।

मन्त्रिपरिषद्बाट सूचीकरण सम्बन्धी निर्णय हुनुअघि थप सुझाव तथा प्रतिक्रिया समेट्ने उद्देश्यले मन्त्री सीता बादीको निर्देशनमा आयोगबाट सिफारिस भएका थरहरूको विवरण सार्वजनिक गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले आफ्नो वेबसाइटमार्फत सिफारिस भएका थरहरूको सूची सार्वजनिक गर्दै दुई दिनभित्र कुनै राय, सुझाव वा प्रतिक्रिया भए उपलब्ध गराउन अनुरोध गरेको छ । सुझाव तथा प्रतिक्रिया मन्त्रालयको info@mowcgss.gov.np, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री बादी तथा सचिवालयको इमेलमार्फत पठाउन सकिने मन्त्रालयले जनाएको छ । मन्त्रालयले प्राप्त हुने रायसुझाव तथा प्रतिक्रियालाई आवश्यकता अनुसार अध्ययन गरी सूचीकरणसम्बन्धी आगामी प्रक्रियामा समेटिने जनाएको छ ।

## ढोरपाटनमा ३७ हजार पर्यटक, ४७ लाख आम्दानी

बागलुङ । ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्या पछिल्लो समय वृद्धि हुँदै गएको छ । एक वर्षमा ३७ हजार पर्यटक ढोरपाटन पुगेका छन् । तीमध्ये अधिकांश आन्तरिक पर्यटक रहेका ढोरपाटन सिकार आरक्ष कार्यालय, बागलुङले जनाएको छ ।

नेपालको एक मात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्या एक वर्षमा १३ हजारले बढेको कार्यालयका रेन्जर सागर सुवेदीले जानकारी दिनुभयो । ढोरपाटनमा पर्यटकीय पूर्वाधार निर्माण, प्रचारप्रसार तथा व्यवस्थित होटल तथा घरबास (होमस्टे)को विकासले पर्यटकको सङ्ख्या बर्सेनि वृद्धि भइरहेको उहाँले बताउनुभयो । रेन्जर सुवेदीका अनुसार पर्यटकको सङ्ख्यामा वृद्धि भएसँगै पर्यटकबाट प्राप्त हुने राजस्व पनि बर्सेनि बढिरहेको छ । आर्थिक वर्ष २०८२/८३ मा ढोरपाटनमा आउने पर्यटकको सङ्ख्या ३७ हजार ५२० पुगेको जनाउँदै तीमध्ये ३७ हजार २७० नेपाली पर्यटक रहेका उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार आव २०८१/८२ मा २३ हजार ६९२ र आव २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेका छन् ।

ढोरपाटन क्षेत्रको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकीपाटनको चर्चा र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण सङ्ख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ । उहाँका अनुसार पर्यटकको सङ्ख्यामा वृद्धि भएपछि आव २०८२/८३ मा पर्यटक प्रवेश शुल्कबाट रु ४७ लाख ६८ हजार ४०५ र आव २०८१/८२ मा रु ३१ लाख २१ हजार ५०० राजस्व सङ्कलन भएको थियो । पर्यटक सूचना प्रणालीको विकास, पर्यटन पदमार्गको रुट कायम लगायत पूर्वाधार विस्तारका कारण ढोरपाटनको प्रचारप्रसार भएपछि आन्तरिक पर्यटकको आगमन बढेको आरक्ष कार्यालयका रेन्जर सुवेदीले बताउनुभयो । उहाँका अनुसार आरक्षले आन्तरिक तथा नेपाली पर्यटकलाई ढोरपाटन प्रवेशका लागि रु १००, सार्क राष्ट्रका पर्यटकलाई एक हजार ५०० र विदेशी पर्यटकलाई रु तीन हजार प्रवेश शुल्क लिँदै आएको छ ।

यस्तै आरक्षले ढुङ्गा गिट्टी बालुवाबाट आर्थिक वर्ष २०८२/८३ मा रु एक करोड एक लाख २७ हजार ९५३ सङ्कलन गरेको छ । गत आर्थिक वर्षको तुलनामा सङ्कलन भएको राजस्व रु ४६ लाख ४१ हजारले बढी हो ।

"ढोरपाटनको आकर्षण अहिले बाहिर आउन थालेको छ । यहाँ आउने पर्यटकको सङ्ख्या वृद्धि हुनुको प्रमुख कारण प्रचारप्रसार रहेको छ । पर्यटकीय पूर्वाधार थपिनु, बुकीपाटन, बुकीफुल र जलजलाको चर्चासँगै पदयात्रीको रोजाइ पर्नु र होटल तथा घरबासको व्यवस्थापनका कारण पर्यटकमा वृद्धि भएका हुन्", सुवेदीले भन्नुभयो । ढोरपाटनमा सिकार खेल्न मात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजला लगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक यहाँ आउने गरेका छन् । समुद्री सतहबाट दुई हजार ९०० मिटरको ढोरपाटन उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्न थालेका छन् । पर्यटकलाई शुल्क तिरेर पालसहित बस्ने व्यवस्था पनि मिलाइएको आरक्ष कार्यालयका रेन्जर सुवेदीले जानकारी दिनुभयो ।

## संकटमा असला माछाः संरक्षणको योजना बनाउँदै पालिका

बागलुङ । असला माछा उत्पादन गर्नेमा प्रसिद्ध बागलुङको जैमिनी नगरपालिकाको ठेउलेखोलामा माछा लोप हुने थालेपछि स्थानीय सरकारले संरक्षणको योजना बनाएको छ । जिल्लाका स्थानीय खोलामा पाइने असला माछा लोप हुन थालेपछि स्थानीय सरकारले संरक्षणका लागि माछा मार्न प्रतिबन्ध लगाउनेलगायत योजना बनाउन थालेको हो ।

बागलुङका स्थानीय खोलामा पाइने रैथाने असलामाछा हराउने चुनौती बढेपछि बागलुङमा एकपछि अर्को स्थानीय तहले माछा मार्न कडाई गर्न थालेका छन् । गलकोट नगरपालिकाले तीन वर्षयता प्रजनन समयमा माछा मार्न प्रतिबन्ध लगाउँदै आएको छ । गलकोटको दरमखोलामा पाइने असला माछा देशभरि प्रसिद्ध छ । गत वर्ष ताराखोला गाउँपालिकाले माछा मार्नमा कडाइ गर्न थालेको थियो । ताराखोला गाउँपालिका र बागलुङका काठेखोला गाउँपालिकाले एक वर्ष अघिदेखि माछा मार्न कडाइ गर्दै संरक्षणको नीति लिएका हुन् ।

यस वर्षदेखि जैमिनी नगर-पालिकाले ठेउलेखोलासहित अन्य खोलामा तीन महिना माछा मार्न रोक लगाउँदै अनुमतिको व्यवस्था गरेको छ । ठेउलेखोला, टिमुर खोला, कालुङ्खोला, चौरीखोला, लौवालगायत स्थानीय खोलामा पाइने असला र अन्य स्थानीय जातका माछा संरक्षणसँगै स्थानीयलाई रोजगारी सृजना गर्नका लागि नगरसभा बाट नीति तथा कार्यक्रम ल्याएर कार्यान्वयन गरिएको जैमिनी नगर पालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो ।

"ठेउले खोलाको असला माछा निकै स्वादिष्ट मानिन्छ, रातिको समयमा माछामा विष हाल्ने तथा करेन्ट लगाएर मार्ने गतिविधिले उत्पादन घटेको पाइयो । नगरपालिकाले माछा मार्न इच्छुकलाई इजाजत दिएर प्रजनन अवधिबाहेकको समयमा आम्दानी बढाउन सघाउँनेछ", शर्माले भन्नुभयो, "फूल पार्ने तथा उत्पादन गर्ने समयमा माछा मार्दा यसको बासस्थान हराएर जाने र कालान्तरमा स्थानीय (रैथाने) जातको माछा फेला नपर्ने अवस्था आउन नदिन नगरपालिका सचेत छ । प्रहरीलाई पनि सक्रिय बनाएका छौं ।" खोलामा माछा मार्नुअघि अनिवार्य रूपमा अनुमति (इजाजत) लिनुपर्ने व्यवस्था लागू गरिएको उपप्रमुख शर्माले बताउनुभयो । जलचर तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र माछा उत्पादन प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाले नीति लिएको उहाँको भनाइ छ । माछालाई परम्परागत शैलीमा मात्र मार्न पाइनेगरी नगरपालिकाले नीति लिएको हो । विद्युतीय उपकरण तथा विषादी हालेर माछा मार्न थालेपछि यसको अस्तित्व सङ्कटमा पर्ने भन्दै स्थानीयले पटकपटक नगरपालिकाको ध्यानाकर्षण गराउँदै आएका थिए । स्थानीय पदमबहादुर श्रीसले यहाँको ठेउलेखोलामा पाइने असला माछा चोरी सिकारीका कारण घट्न थालेका बताउनुभयो । उहाँले रातिमा करेन्ट लगाएर माछा मार्ने काम भइरहेको बताउँदै संरक्षणमा पालिकाले ध्यान नदिए ठेउलेखोला का असला माछाको पहिचान सकिनेमा चिन्ता व्यक्त गर्नुभयो ।

"एकरातमा २५ किलो माछा मारेर लैजानेगरी टाढाटाढाबाट युवा आएका हुन्छन् । ठेउलेखोलाको स्वादिष्ट असला माछा सधैँभरि चाख्न यहाँकै स्थानीयले मार्ने र स्थानीय बजारबाटै बिक्री गर्ने व्यवस्थामा नगरपालिका अघि बढोस् । माछा मार्न प्रतिबन्द लगाउने कार्य सह्रानीय छ", श्रीसले भन्नुभयो । करेन्ट लगाएर माछा मार्दा भ्रुणसमेत मर्ने भएकाले माछा लोप हुने अवस्थामा पुग्ने उहाँले गुनासो गर्नुभयो । जैमिनीको पहिचानको रुपमा स्थापित भइसकेको ठेउलेखोलाको असला माछा जोगाउन सके स्थानीयलाई रोजगारीसँगै रेष्टुराको परिकारमा थप स्वाद आउने छ । नगरपालिकाले प्रजनन संरक्षणका लागि भदौ, असोज र कात्तिक महिनाभर माछा मार्न पूर्ण रूपमा प्रतिबन्ध लगाउँदै आएको छ । यस अवधिमा माछा मार्ने, समात्ने वा अन्य कुनै गतिविधि गरेको पाइए कारबाही गर्ने चेतावनी नगरपालिकाले दिएको छ ।

गलकोट नगरपालिकाले माछा मार्न प्रतिबन्ध लगाएपछि पछिल्ला वर्षमा उत्पादनमा वृद्धि भएको गलकोट नगर पालिकाका प्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो । पालिकाहरूले इजाजत नलिई जलचरको उपयोग गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत दिएका छन् ।

जलचर संरक्षण तथा व्यवस्थापन अभियानमो प्रहरीलाई खबर गरेर सहयोग गर्न पनि नगरपालिकाले स्थानीयको ध्यानाकर्षण गराएको छ । माछालाई परम्परागत तरिकाले मात्रै मारेर व्यावसायिक बनाउँदै युवालाई स्वरोजगार गराउन पालिकाले संरक्षणको योजनामा ध्यान दिएको हो ।

## चौध जनाद्वारा आँखा दानको प्रतिबद्धता

बागमती । हिमालयन राइडर्स सोसाइटी हेटौँडाको आयोजना एवं मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहयोगमा हेटौँडाको हुप्रा चौरमा शनिबार आँखा दान एवं नसर्ने रोगहरूको निःशुल्क परीक्षण शिविर सम्पन्न भएको छ ।

हेटौँडा सामुदायिक आँखा अस्पताल, नेपाल आँखा कार्यक्रम र जनस्वास्थ्य कार्यालय, मकवानपुरको समन्वयमा गरिएको शिविरमा १४ जनाले आँखा दानको प्रतिबद्धता गर्नुभएको छ । एक सय छ जनाको मधुमेह, रक्तचाप, बिएमआईलगायत नसर्ने रोगहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिनुका साथै स्वास्थ्य परामर्श सेवा उपलब्ध गराइएको हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष र राजु थापा मगरले जानकारी दिनुभयो । साइक्लिङका माध्यमबाट स्वास्थ्य, पर्यावरण र पर्यटनमा जोड दिँदै आएको सोसाइटीले सामाजिक उत्तरदायित्वअन्तर्गत यस किसिमका कार्यक्रमलाई पनि प्राथमिकतामा राख्दै आएको उहाँले बताउनुभयो । साइक्लिङ क्लबका तर्फबाट समुदायमा आँखा दानको अभियान सुरु गर्नेमा सम्भवत आफूहरू पहिलो हुनसक्ने उहाँको भनाइ छ । सोसाइटीले साइक्लिङका माध्यमबाट हेटौँडासहित देशमा विभिन्न गन्तव्यको पर्यटन प्रवर्द्धनसँगै सम्पदा एवं ऐतिहासिक स्थलमा वृक्षरोपणको अभियानलाई पनि अघि बढाइरहेको उहाँले बताउनुभयो ।

## चार मेट्रिकटन नकुहिने फोहर संकलन

काठमाडौं । 'राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ शनिबार पशुपति क्षेत्रस्थित गुह्येश्वरी फाँटमा सफाइ गरी नकुहिने चार मेट्रिक टन फोहर व्यवस्थापन गरिएको छ । वाग्मती सफाइ अभियानको ६९१औं हप्तामा यस क्षेत्रमा सरसफाइ गरी चार मेट्रिकटन फोहर व्यवस्थापन गरिएको हो ।

पछिल्लो समय यस क्षेत्रमा नकुहिने फोहर बढेपछि गत हप्तादेखि यस क्षेत्रमा सरसफाइ हुँदै आएको छ । सफाइका क्रममा कुहिने फोहर भने यहीँ खाडल खनेर गाडिएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिनुभयो । उहाँका अनुसार सो अवसरमा वाग्मती नदी किनारामा विभिन्न जातका १५० बिरुवा रोपिएको छ । शनिबार वाग्मती सफाइ अभियानका प्रमुख अभियानकर्मी एवं पूर्वमुख्यसचिव लीलामणि पौडेलगायत अन्य अभियानकर्मी, यस क्षेत्रका विभिन्न विद्यालयका विद्यार्थी, गुह्येश्वरीमाथिको वाग्मती सफाइ अभियानका अभियानकर्मी, अधिकार सम्पन्नी वाग्मती सभ्यता एकीकृत विकास समितिका कर्मचारी, तिलगङ्गा महिला समूह, नदी संरक्षण संस्थालगायत प्रतिनिधिहरूको सहभागिता थियो । अर्को हप्ता साउन ३० गते शनिबार पनि यही स्थानमा सफाइ गरिने जनाइएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website : www.epratyush.com